घरपभोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको ५६औं बैठकको निर्णयहरु
मिति २०८२।९।२४



**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८२।०८।२९ गते बसेको यस गाउँ कार्यपालिकाको ५५ बैठकको निर्णय कार्यान्वयनको समिक्षा गर्दा उक्त बैठकमा कुल १८ वटा निर्णयहरु भएकोमा निर्णय नं.९ अनुसार बालमैत्री स्थानीय शासन तथा बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी तथ्याङ्क संकलनको कार्य अघी बढेको र निर्णय नं.१० मा उल्लेख भएको फोहरमैला ढुवानीका लागि ई-रिक्सा खरिद गर्ने कार्य प्रकृयामा रहेको जानकारी भयो र अन्य सबै निर्णयहरुको कार्यान्वयको अवस्था सन्तोषजनक रहेको व्यहोरा यस बैठकमा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

संघीय समपूरक तथा विशेष अनुदान सम्बन्धमा ।

**निर्णय नं. २ :-**

राष्ट्रिय योजना आयोगको मिमि २०८२।८।२६ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा राष्ट्रिय योजना आयोगको वेबसाईटमा प्रकाशन भएको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१९६ मिति २०८२।९।१ गतेको पत्रसाथ प्राप्त भएको सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक बर्ष २०८३।८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी विस्तृत सूचना बमोजिम तपसिलका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा छनौट गर्ने सर्वसम्मत निर्णय गरियो साथै उक्त योजना तथा कार्यक्रमहरुलाई तोकिएको समयावधि भित्र राष्ट्रिय योजना आयोगमा पेश गर्नका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**तपसिल :-**

**क) सङ्घीय विशेष अनुदान तर्फ :**

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | कैसाङ खोला ठिनी सिंचाई योजना | घरपभोङ गा.पा. ५ | |
| २ | नमखु जाने बाटो ढलान तथा स्तरोन्नती गर्ने योजना | घरपभोङ गा.पा. ५ (ठिनी गाउँ माथीको बाटो) | |

**क) सङ्घीय समपूरक अनुदान तर्फ :**

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | स्याङ र ढूक्चे गाउँ भित्र ढल निकास, छपनी ढुङ्गा बिछ्याउने तथा ढलान निर्माण योजना | घरपभोङ गा.पा. ३ | |
| २ | मार्फा पम्थ्यू खोला देखि सामाग्री सम्म कालीगण्डकी नदी नियन्त्रण योजना | घरपभोङ गा.पा. २ | |

082/09/24

भिम कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३ :-**

निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

प्रस्ताव नं. ३ उपर छलफल हुँदा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयबाट स्वीकृत आ.व.२०८२।८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिको बुँदा नं.१.२.३.१६. निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान क्रियाकलाप नं.११.१.२.४१५५ को १६.१ मा उल्लेख भएको कार्यान्वयन प्रगतिको आधारमा विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२।८।१५ को -माननीय मन्त्री स्तरीय निर्णयद्वारा) स्वीकृत संलग्न विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना, २०८२ को अनुसूची १ बमोजिमका विद्यालयहरु मध्ये शिक्षा तथा मानश्रोत विकास केन्द्र (योजना तथा अनुगमन शाखा) सानो ठिमी, भक्तपुरको च.नं.१८४, मिति २०८२।८।२२ को पत्रानुसार विद्यालय भौतिक निर्माण योजनामा विनियोजन भएको रु.६६,००,०००।-मा गाउँपालिकाबाट साझेदारी गर्नु पर्ने १०% रकम रु.६,६०,०००।- गरी कुल बजेट रु.७२,६०,०००।- बाट छनौटमा परेका ३ वटा विद्यालयहरु मध्ये यस गाउँपालिका १ नं. वडा छैरोको **"छैरो आधारभुत विद्यालय,"** मा भौतिक पूर्वाधार निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो । गाउँपालिकाबाट साझेदारी गरिने रकम सम्पूरक कोषबाट खर्च लेख्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

शैक्षिक सत्र सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

हिमालपारीको यस मुस्ताङ जिल्लाको चिसो हावापानीका कारण चिसो मौसममा हिउँ पर्ने साथै अत्याधिक चिसोका कारण पौष र माघ महिनामा विद्यालयहरुमा पठनपाठन नियमित गर्न नसकिने हुँदा विगतमा शैक्षिक सत्र फागुन महिनामा शुरु भई मंसिर महिना सम्म रहेकोमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा विगत दुई बर्ष देखि देशका अन्य विद्यालयहरु सरहनै शैक्षिक सत्र कायम भएकोले यस पालिकाका आधाभुत विद्यालयहरुको शैक्षिक गुणस्तर कायम हुन नसकेको देखिएको र अभिभावकहरुबाट समेत विगतको शैक्षिक सत्र कायम गरिदिनका लागि पहल गरिदिनु भनी अनुरोध समेत भएको हुँदा यस घरपझोङ गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा विगतमा कायम रहेको फागुन देखि मंसिर महिना सम्मको शैक्षिक सत्र कायम गरिदिनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाण्डौ लगायत सम्बन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

अध्यक्ष संग जनता कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

चालु आ.व. २०८२।८३ को स्वीकृत अध्यक्ष संग जनता कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु.३०,००,०००।- बाट तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

०८२।०९।२८

भिम कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

तपसिल :-

| क.सं. | योजना तथा कार्यक्रम | सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | दलित बस्ती देखि तल्लो काङनी सम्म छपनी बिच्छ्याउने कार्य थप बजेट | घरपझोङ गा.पा.२ | ५,००,०००।- | |
| २ | जोमसोम गेट तथा पार्क निर्माण | घरपझोङ गा.पा.४ | १५,००,०००।- | |
| ३ | घट्टेखोला देखि सामाग्री सम्म सडक बत्ती जडान कार्य थप बजेट | घरपझोङ गा.पा.२ | २,५०,०००।- | |
| ४ | सडक बत्ती व्यवस्थापन थप बजेट | घरपझोङ गा.पा.५ | २,५०,०००।- | |
| ५ | छैरो पार्क निर्माण | घरपझोङ गा.पा.१ | ५,००,०००।- | |

**प्रस्ताव नं. ६ :-**

उपाध्यक्ष संग जनता कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

चालु आ.व. २०८२।८३ को स्वीकृत उपाध्यक्ष संग जनता कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु.२०,००,०००।- बाट तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क.सं. | योजना तथा कार्यक्रम | सञ्चालन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पुथाङ आमा समूह किचन सामाग्री खरिद | घरपझोङ गा.पा. ३, पुथाङ | १,५०,०००।- | |
| २ | ठिनी पर्यटन पार्क निर्माण | घरपझोङ गा.पा. ५, ठिनी | ५,००,०००।- | |
| ३ | सिमसार क्षेत्र संरक्षण, छेकोङ | घरपझोङ गा.पा. ३, स्याङ | १,५०,०००।- | |
| ४ | घट्टेखोला देखि सामाग्री सम्म सडक बत्ती जडान कार्य थप बजेट | घरपझोङ गा.पा.२ | १,५०,०००।- | |
| ५ | ठिनी ढल निर्माण तथा छपनी बिच्छ्याउने योजना | घरपझोङ गा.पा. ५, ठिनी | १०,००,०००।- | |
| ६ | ढुम्बा गाउँ समाजको लागि किचन सामाग्री खरिद | घरपझोङ गा.पा. ५, ढुम्बा | ५०,०००।- | |

**प्रस्ताव नं. ७ :-**

ललितकला संगको कार्यशाला गोष्ठी आयोजना गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, काठमाण्डौले यस गाउँपालिकामा करिब १५ जना मुर्तिकारहरुको उपस्थितिमा कार्यशाला गोष्ठी सञ्चालन गर्न ईच्छा प्रकट गरेको र उक्त कार्यशाला गोष्ठीमा सहभागी हुने मुर्तिकारहरुले यस गाउँपालिकाका विभिन्न पर्यटकीय स्थानहरुमा ढुङ्गामा विभिन्न आकृतिहरु तयार गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यशाला गोष्ठी सञ्चालन गरिदिनका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै कार्यशाला गोष्ठी सञ्चालन गर्न र ढुङ्गामा विभिन्न मुर्तिका आकारहरु बनाउनका लागि हुने खर्चको व्यवस्थापन चालु आ.ब. को स्वीकृत पर्यटन प्रवर्द्धनको कार्यक्रम तथा पर्यटन पूर्वाधार

०८२।०८।२५

भिम कुमार बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

र अन्य शिर्षकबाट नियमानुसरा उपयुक्त प्रक्रिया अवलम्बन गरी कार्यक्तम सञ्चालन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

याक तथा च्याङग्रा प्रबर्द्धन कार्यक्रम लाभग्राही छनौट सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिकाको आ.ब. २०८२।८।३ को स्वीकृत कार्यक्रम बमोजिम स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरण भएको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ अनुसार मिति २०८२।८।३ गते प्रकाशित सूचना अनुसार च्याङग्रा प्रबर्द्धन कार्यक्रम अन्तर्गत ५ गोटा फर्मले पेश गरेको निवेदन अनुसार च्याङग्रा खरिद, गोठ सुधार, प्रजननयोग्य बोका खरिद माग गरेको र याक प्रवर्द्धन कार्यक्रम तर्फ प्रथम पटक प्रकाशन सूचना अनुसार कुनै पनि निवेदन नआएको र पुनः दोश्रो पटक सूचना प्रकाशन हुँदा एउटा मात्र निवेदन पेश भए अनुसार मिति २०८२।९।२४ गतेको कार्यपालिका बैठकमा लाभग्राही छनौट सम्बन्धमा छलफल हुँदा याक प्रबर्द्धन कार्यक्रम तर्फ नयान् याक पालन गर्ने व्यवसायलाई र च्याङग्रा प्रबर्द्धनका लागि यस गाउँपालिका भित्रका च्याङग्रा पालन गर्ने सम्पूर्ण व्यवसायहरुलाई प्रजनन योग्य बोका वितरण गर्ने सर्वसम्मत निर्णय गरियो र पुनः १५ दिनको सूचना प्रकाशन गर्ने र त्यस पश्चात लाभग्राहीको छनौट गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गत वडा कार्यालयहरु र स्थास्थ्य चौकी, आधाभुत स्वास्थ्य केन्द्रहरुमा र विद्यालय नर्सको करार सेवामा कार्यरत कर्मचारीहरुको संग यस अघी भएको करार सम्झौता बमोजिम कामकाज गर्ने र सेवा सुविधा उपलब्ध गराउने गरी २०८३ असार मसान्त सम्म करार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

डन्लब, कम्बल, सिरानी, तन्ना खरिद सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस गाउँपालिकाका विभिन्न क्षेत्र भित्र विभिन्न समयमा आईपर्ने विपद्को समयमा प्रभावित हुनेहरुलाई तुरुन्तै व्यवस्थापनमा प्रयोग हुने गरी डन्लब, कम्बल, सिरानी र तन्ना गरी २०० सेट चालु आ.ब. को विपद् व्यवस्थापन कोष शिर्षकबाट खर्च गर्ने गरी खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

सडक बत्तीको जडान खर्चको दररेट सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

चालु आ.ब. २०८२।८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम बमोजिम १) घट्टेखोला देखि सामाग्री सम्म सडक बत्ती जडान कार्य, मार्फा र २) सडक बत्ती व्यवस्थापन, जोमसोमको सडक बत्ती योजना कार्यान्वयन गर्ने सम्बन्धमा छलफल हुँदा प्राविधिकबाट पेश भए अनुसार सडक बत्ती जडान गर्नका लागि

०८२।०९।२४

भिम कुमार वस्नेत

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प्रति पोल fix गर्ने, तार तथा बत्ती जोड्ने कार्यका लागि सबै भन्दा न्युनतम् रु.८०००।- प्रति पोलको दररेट प्राप्त भएकोले उक्त दररेटलाई कायम गर्ने र सडक बत्तीको जडान गर्ने योजना अघी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

अ.न.मी. पद-२ र उद्यम विकास सहजकर्ता पद-१ सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

प्रस्ताव नं. ११ उपर छलफल हुँदा अ.न.मी. पद-२ र उद्यम विकास सहजकर्ता पद-१ करारमा पदपुर्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

हाउसवाइरिङ तालिमका सहभागीहरुलाई यातायात तथा बाटोको खाना खर्च सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, युरोपियन युनियन र जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालय अन्तर्गत जीआईजेड नेपालद्वारा संयुक्त रुपमा कार्यान्वयन गरिएको नवीकरणीय उर्जा तथा उर्जा दक्षता कार्यक्रम (GIZ/REEEP-GREEN) को आर्थिक तथा प्राविधिक सहयोगमा यस गाउँपालिकाबाट सहभागीहरुलाई यातायात र खाना खर्च व्यहोर्ने गरी यस गाउँपालिकाबाट ४ जना सहभागीहरु सानोठिमी, भक्तपुरमा मिति २०८२ मंसिर १५ देखि पौष ६ गते सम्म २१ दिन अवधिको हाउसवाईरीङ तालिम सम्पन्न गरेकोले सहभागिहरुलाई आतेजाते र बाटोको खाना खर्च वापत रु.६०००।- को दरले उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

बधशालाको मर्मत खर्च सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

यस गाउँपालिकाको ४ नं. वडा जोमसोमको मातृचक्र नजिक रहेको यस गाउँपालिकाको स्वामित्वको बधशालालाई मर्मत गर्दा प्राविधिकको कार्यसम्पन्नबाट देखिए खर्च रु.४१,०५४।७९ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

पुथाङको फोहरमैला संकलन केन्द्र सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस गाउँपालिका ३ नं. वडा पुथाङ बजारको फोहरमैला संकलन तथा व्यवस्थापन केन्द्रलाई मर्मत गर्न अतिआवश्यक देखिएको भनी यस गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं.३१८ मिति २०८२।९।९ गतेको पत्रबाट अनुरोध भएको हुँदा फोहरमैला व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने गरी प्राविधिकबाट ईस्टिमेट तयार गरी मर्मत गरीदिने सर्वसम्मत निर्णय गरियो ।

०८२।०९।२४

भिम कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

**प्रस्ताव नं. १६ :-**

Energy retrofitting मर्मत लागत साझेदारी सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

Building Energy Efficiency In Nepal कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोग र यस गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकाको राजश्व शाखालाई Energy retrofiiting गर्ने कार्य सम्पन्न भएको अवस्थामा बिजुलीको main lineमा समस्या आई उक्त system लाई मर्मत गर्दा लागेको कुल खर्च रु.१,४९,०४७।- मध्ये रु.५०,०००।- गाउँपालिकाबाट व्यहोर्नु पर्ने भएको हुँदा उक्त रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :-**

आगामी आ.ब. २०८३।८४ को श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

मिति २०८२।९।२३ गते बसेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकमा निर्णय गरि पेश गरेको आगामी आ.ब. २०८३।८४ को यस गाउँपालिकाको बार्षिक श्रोत अनुमान तथा बजेट सीमालाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै आगामी आ.ब. २०८३।८४ को बार्षिक श्रोत अनुमान तथा बजेट सीमा निर्धारण अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमम पठाउने समेत निर्णय गरियो ।

०८२/०९/२४

भिम कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल